# वार्षिक नगर विकास योजना

## (आर्थिक वर्ष २०८१/०८२ को बजेटवक्तव्य)

## नमोबुद्ध नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

भकुण्डेबेशी, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

२०८१

# <u>आगामी आ.व. २०८१/०८२ को बजेट वक्तव्य</u>

**नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को दोश्रो बैठकमा श्रीमान् नगर उप-प्रमुख श्री रत्न बहादुर लामाले आर्थिक वर्ष २०८१/०८२ का लागि मिति २०८१/०३/१० मा पेश गर्नुभएको बजेट वक्तव्य**

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

नेपालको संविधानको धारा २३० बमोजिम नमोबुद्ध नगरपालिकाको यस गरिमामय दोश्रो नगर सभाको पाँचौं अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठकमा विद्यमान विषम परिस्थितिका बीच नमोबुद्ध नगरपालिकाको उप-प्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०८१/०८२ को बजेट प्रस्तुत गर्न उभिएको छु।

यस अवसरमा म सर्वप्रथम राष्ट्रहित, लोकतन्त्र, अग्रगामी परिवर्तन र अधिकार प्राप्तिका लागि भएका संघर्ष तथा आन्दोलनमा सहादत हुनु भएका ज्ञात अज्ञात सहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै आ-आफ्नो क्षेत्रबाट योगदान गर्नुहुने नेपाली दिदीबहिनी दाजुभाईहरुमा हार्दिक आभार प्रकट गर्दछु।

नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्न संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था मार्फत नगरका आर्थिक, सामाजिक, पर्यटकीय एवं सांस्कृतिक विकासका उल्लेखिनीय कार्यहरु हुँदै आईरहेका छन्। नगरपालिकाको आर्थिक सम्बृद्धि र विकासका आधारशिलाहरु निर्माण गर्न नगरपालिकाका अत्यावश्यक कानुन निर्माण,

जनशक्ति व्यवस्थापन तथा पूर्वाधार तथा संस्थागत विकास निर्माणका कार्यहरु गर्दै **"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"** को सोच हासिल गर्न उपलब्ध श्रोत साधनलाई अधिकतम ढंगले परिचालन गरी नगरवासी नागरिकको हित अभिवृद्धि गर्दै सामाजिक न्याय सहितको समाजवाद उन्मुख अर्थतन्त्र एवंम् **समृद्ध नेपाल खुशी नेपाली** बनाउन सहयोग पुग्ने गरी बजेट तर्जुमा गरेको छु।

मुलुकको अर्थतन्त्रमा देखिएको शिथिलताको प्रभाव यस नगरपालिकामा पनि परेकोले कृषि, उद्योग र सेवा क्षेत्रको वृद्धि अपेक्षा अनुरुप हुन् सकेका छैन। आर्थिक क्षेत्रमा देखिएको शिथिलताको समस्यालाई सम्बोधन गरी नगरपालिकाका नागरिकको विकास र समृद्धिको आकांक्षा पूरा गर्न उत्पादनमुलक क्षेत्रमा लगानी अभिवृद्धि गरी फराकिलो र उच्च आर्थिक वृद्धिमा जोड दिएको छु यसबाट थप रोजगारी सृजना हुने र राजश्व परिचालनमा समेत सकारात्मक प्रभाव पर्ने अपेक्षा गरेको छु। नगरपालिकाको दिगो विकास र प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धिको लागि बजेट विनियोजनलाई उत्पादनमूलक, रोजगारी वृद्धि र थप राजश्व प्राप्त हुने क्षेत्रमा केन्द्रित गर्दै **करको दर भन्दा दायरा** विस्तारलाई मूल मन्त्रका रुपमा आत्मसात गरेको छु।

नमोबुद्ध नगरपालिकाको बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, नेपाल सरकारद्वारा स्वीकृत कार्य विस्तृतिकरण प्रतिवेदन, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकार र बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१/०८२ नीति, कार्यक्रम तथा बजेट, पन्धौं योजनाको समिक्षा, सौहौं योजनाको सोच, नगरपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना, नमोबुद्ध नगरपालिकाको नीति तथा कार्यक्रम, विनियोजन विधेयक, २०८१ का सिद्धान्त, कार्यपालिकाले स्वीकृत गरेको बजेट निर्माण मार्गदर्शन, सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, विषयगत समितिहरुबाट प्राप्त सुझावलाई मार्ग निर्देशनको रुपमा लिनुका साथै राजनीतिक दलका प्रमुख तथा

प्रतिनिधिज्यूहरु, विद्वत वर्ग, कर्मचारीहरु, प्राध्यापकहरु, शिक्षकहरु, नागरिक समाज, संचार जगत, विभिन्न संघ संस्था, निजी प्रतिष्ठान र आम नागरिकहरुबाट प्राप्त सुझावलाई आधार बनाएको छु।

नगरवासीहरुलाई सहज र सरल ढंगबाट गुणस्तरीय सेवा उपलब्ध गराउदै आम नगरवासीहरुको जीवन स्तरमा सुधार ल्याउँदै समृद्धितर्फ उन्मुख गराउने गरी विकासका आधारशिलाहरु खडा गर्न सकियोस भन्ने अभिप्रायका साथ योजना तथा कार्यक्रममा रकम विनियोजन गरी विनियोजन विधेयक, २०८१ को अनुसूचीहरुमा संलग्न गरिएको छ।

यीनै अधिकार र अवसरको उपयोग गर्दै चालु नगरसभामा पेश भएको वार्षिक नीति तथा कार्यक्रममा आधारित भएर संघीय सरकार तथा बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण, राजश्व बाँडफाँड, सशर्त अनुदान, समपूरक अनुदान, विशेष अनुदान तथा अन्य स्रोत र हाम्रो आफ्नै प्रयासबाट संकलन हुन सक्ने आन्तरिक आयलाई समेत एकीकृत गरी आर्थिक विधेयक, २०८१ र विनियोजन विधेयक, २०८१ मा समावेश गरी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरिएको छ।

**नगरपालिकाको मौजुदा अवस्थाको आंकलन**

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

पर्यटकीय, साँस्कृतिक तथा कृषिको हिसावले विकासका प्रचुर संभावना वोकेको यो नगरपालिका विकासको गतिमा सोचे अनुरुप अगाडि वढ्न सकिरहेको छैन। यहाँका वासिन्दाको आर्थिक, सामाजिक अवस्थाको आंकलन गर्दा छिमेकी नगरपालिकाहरु भन्दा उन्नत भएको अवस्था देखिदैन। अझै पनि यस क्षेत्रका वासिन्दाहरु स्वच्छ पिउने खानेपानीको पहुँचबाट टाढा छन् र विविध खानेपानीका आयोजना संचालन गरी एक घर एक धाराको अभियान नभएको भने होइन। सबै

मौसममा चल्ने सडक निर्माण गर्न नसकेको कारणले नगरबासीले कठिनाई भोग्ने परेको छ। नगरको धेरै क्षेत्रमा वैज्ञानिक तथा गुणस्तरीय विद्युतीकरण गर्न सकिएको छैन। आर्थिक रुपले सक्रीय जनशक्ति रोजगारीको अभावमा निश्क्रिय अवस्थामा छ भने धेरैजसो युवाहरु कामको खोजीमा वैदेशिक रोजगार अंगालेका छन् जसका कारण यस क्षेत्रका खेतीयोग्य जमिन बाँझो भएका छन् भने सवैखाले खाद्य वस्तुहरु र तरकारी अन्यत्रबाट आयात गरी उपयोग गर्नु परेको छ। हाल भई रहेको खेती प्रणाली परम्परागत र आत्मनिर्भर मात्र भएको कारण कृषि पेशामा संलग्न जीवन निर्वाहमा कठिनाई उत्पन्न भएको छ। कृषि पेशालाई व्यवसायिक र सम्मानजनक पेशाको रुपमा विकास गर्न नसकिएको कारण यस क्षेत्रमा जनशक्तिको अभाव हुन गई उत्पादन लागत पनि तुलनात्मक रुपमा बढ्दै गएको छ।

त्यसैगरी अव्यवस्थित र छरिएको बसोबासको कारण आधारभूत सेवा प्रवाहमा कठिनाई त छंदैछ त्यसको अलावा सहज आवागमनमा असहजताका साथै शहरी सुन्दरता दिनानुदिन खस्किदै गइरहेको छ। भू-उपयोग अवस्था उत्तिकै चिन्ताजनक रहेको छ। यस क्षेत्रमा भएका सार्वजनिक जग्गाहरु दिनानुदिन अतिक्रमित हुंदै गएका छन् र संरक्षणको पर्खाइमा छन्। वातावरणमैत्री र व्यवस्थित शहरीकरणको अभावले यहाँका मानिसहरुको जीवन कष्टकर बनेको छ। विविध कारणले पछाडि पारिएको वर्ग र समुदायहरु लोकतन्त्रको प्रत्यक्ष प्रतिफल उपभोग गर्न असमर्थ र वञ्चित छन। बालमैत्री, युवामैत्री, कृषिमैत्री, उद्योगमैत्री, लक्षित वर्गमैत्री, महिलामैत्री, अपाङ्गमैत्री, प्रविधिमैत्री, सुशासनमैत्री नगर बनाउने अभिभारा हामि मा नै छ। विगतमा आफ्नै गाउँ विकास समितिबाट सेवा लिई रहेका नगरबासीहरुलाई साँच्चै नगरवासी भएको अनुभूत गराई सकारात्मक समाजिक परिवर्तन सहितको आर्थिक सम्बृद्धि दिलाउनु चुनौतिपूर्ण रहेको छ।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

नमोबुद्ध नगरपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमाको क्रममा प्रमुख रुपमा लिईएका देहायका आधारहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

*<u>आधारहरु:</u>*

- नेपालको संविधानमा व्यवस्था भएका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु र मौलिक हक,
- संविधानको अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्था,
- पन्धौ योजनाको समिक्षा
- सोह्रौं योजना तर्जुमा गरेको आधारपत्र,
- दिगो विकासका लक्ष्यहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्था  स्थानीय तहका काम, कर्तव्य र अधिकारहरु,
- अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन,
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट समय समयमा जारी भएका परिपत्रहरु,
- स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७५,
- संघीय सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट,
- नगर कार्यपालिकाबाट गठित विभिन्न विषयगत समितिहरुबाट प्राप्त सुझावहरु,
- नमोबुद्ध नगरपालिकाको आवधिक योजना, स्थानीय अनुकुलन कार्य योजना, मध्यमकालीन खर्च संरचना,
- स्थानीय माग र आवश्यकता,

- ठुला र गौरवका आयोजना,
- अधुरा र पूरा गर्नेपर्ने जनमुखी आयोजना,
- उत्पादन बृद्दी र रोजगार प्रवर्धन गर्ने खालका आयोजनाहरु।
- दिगो प्रतिफल दिने, टिकाउ र धेरै जनसंख्या लाभान्वित हुने कार्यक्रम तथा आयोजनाहरु।
- विषयगत समिति, राजश्व परामर्श समितिबाट प्राप्त सुझावहरु समेतका आधारमा सम्भव भएसम्म जनचाहनालाई समेट्ने अभिप्राय लिई प्रस्तुत नीति, कार्यक्रम तथा बजेट तयार गरिएको छ।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

विषयगत क्षेत्रले निर्दिष्ट गरेको लक्ष्य प्राप्तिको बाटोमा नगरपालिकालाई हामी सबै मिलेर डोर्याउनु पर्दछ। विभिन्न चुनौतिको सामना गर्दै **"कृषि, पर्यटन र व्यापारः समृद्ध नमोबुद्धको आधार"** भन्ने मूल नारालाई आत्मसात् गर्दै संविधानको मर्म र भावना अनुरुप सबै प्रकारका विभेदहरु अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितताका लागि समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न टोल र वडास्तरबाट अभ्यास गर्ने गरी **सम्वृद्ध नगरपालिका** भन्ने मान्यतालाई नारालाई सार्थक बनाउन र विकासका क्षेत्रमा अब्बल सावित गर्दै वित्तीय अनुशासनको माध्यामबाट नमोबुद्ध नगरपालिकालाई अन्य पालिकाको तुलनामा आगामी दुई वर्ष भित्रमा मानव सूचकांकको सूचीमा अगाडि ल्याउनु पर्दछ। पछाडी परेका नगरबासीलाई राहत हुने गरी स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि, विपद व्यवस्थापन र पुराना योजनाहरुलाई संचालनमा विशेष जोड दिने खालका कार्यक्रमहरुलाई पनि लक्षित गर्दै बजेट विनियोजनमा प्राथमिकता दिएको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

अब म चालु आ.व. २०८०/०८१ मा यस नमोबुद्ध नगरपालिकाबाट सञ्चालन भएका योजना तथा कार्यक्रमको प्रगति प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत भएको विषय नदोहोर्याई वार्षिक बजेट तथा कार्यक्रम तर्फ जान चाहन्छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

अब म नमोबुद्ध नगरपालिकाको आगामी आ.व. २०८१/०८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न अनुमति चाहन्छु। बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु पूर्व यस नगरपालिकाको दिर्घकालिन सोंच (Vision), लक्ष (Mission), उद्देश्य (Objective) र बजेटका प्राथमिकताको बारेमा संक्षिप्त प्रस्तुति गर्न अनमति चाहन्छु।

**दिर्घकालिन सोचः** "कृषि, व्यापार र पर्यटनः हाम्रो सशक्त अभियान"।

**लक्ष्यः** रोजगारीका अवसर सिर्जना र आय्सत्र्मा सुधार, सक्षम र स्वास्थ्य, सभ्य नागरिक निर्माण, पूवार्धार सुविधामा पहुच वृद्धि र जीवनयापनमा सहजता, जैविक विविधता संरक्षण र प्राकृतिक श्रोतको उपयोग र न्यायोचित वितरण, प्रभावकारी सेवा प्रवाह सहित सुशासन प्रवर्द्धन, क्षेत्रीय तहमा पारस्परिक लाभका लागि साझेदारी र सहकार्यको वातावरण निर्माण भई नागरिकको जीवनस्तरमा सुधार भएको हुने।

**उद्देश्यहरुः**

१. स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनबाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु।
२. सामाजिक सेवा सुविधाहरुमा साबि वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै शिक्षित, स्वास्थ्य र समन्यायिक समाजको निर्माण गर्नु।

३. पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जनजीवनमा सहजता ल्याउनु।

४. विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन गर्दै दिगो उपयोग गर्नु।

५. संस्थागत क्षमता अभिवृद्धि गर्दै नागरिकलाई सार्वजनिक सेवा प्रवाहमा प्रभावकारी, पारदर्शी र सुशासनको प्रत्याभूति गराउनु।

यी उद्देश्य पूरा गर्न आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रमका प्राथमिकताहरुः

१. कृषि तथा गैरकृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि वृद्धि गर्ने,

२. गुणस्तरीय रोजगारमूलक शिक्षा तथा आधारभूत स्वास्थ्यमा सबैको पहुँच सुनिश्चित गर्ने,

३. समतामूलक विकास र सामाजिक समावेशीतामा जोड दिने,

४. वातावरण संरक्षण गर्दै विकास र वातावरण बीच सन्तुलन कायम गर्ने,

५. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने,

६. व्यवसायिक कृषि, पर्यटन पूर्वाधार तथा प्रवर्द्धन, औद्योगिक विकास, निजी क्षेत्र प्रवर्द्धन, मानव पुंजी विकास तथा सुशासन योजनाको अग्रिम क्षेत्रको रुपमा प्राथमिकतामा राखिने,

७. शान्ति, सुरक्षा तथा विपद् व्यवस्थापन,

८. गुणस्तरीय खानेपानी सेवाको विस्तार,

९. वातावरणमैत्री उद्योग,

१०. प्रविधिमैत्री विद्यालय निर्माण,

११. संस्थागत क्षमतामा वृद्धि तथा सेवा प्रवाहमा प्रभावकारीता,

१२. गुणस्तरीय सार्वजनिक सेवामा नागरिकको सहज पहुँच, भष्ट्राचार उन्मुलन र सुशासन अभिवृद्धि,

**कार्य नीतिः**

१. स्वास्थ्य, शिक्षा, रोजगारी, कृषि, विपद् व्यवस्थापन लगायतका क्षेत्रलाई विशेष प्राथमिकता राखी विविध कार्यक्रम संचालन गर्ने।

२. चिस्यान केन्द्र स्थापना।

३. नगदेबाली विस्तार तथा प्रवर्द्धन।

४. कृषि, व्यवसाय, पर्यटन, उद्योग तथा व्यापारलाई सहयोग पुग्ने गरी नमोबुद्ध नगरका सबै वडा केन्द्रहरु जोड्ने गरी रिङरोडको अवधारणा अनुसार सबै वडा कार्यालयहरुलाई सधै यातायात संचालन हुने गरी सडक सञ्जालले जोड्ने र क्रमशः सडकहरु कालो पत्रे गर्दै जाने।

५. पशु बधशाला निर्माण।

६. पशु विमा कार्यक्रम।

७. जोखिम संवेदनशिल भू-उपयोग योजना अनुसार बस्ती क्षेत्र, पर्यटकीय क्षेत्र, औद्योगिक क्षेत्र तथा कृषि क्षेत्र लगायतमा लगानी तथा जमिनको वर्गिकरण अनुसार एक स्थानीय तह एक औद्योगिक क्षेत्रको अवधारणा अनुरुप औद्योगिक क्षेत्रको घोषणा गरी कार्यान्वयन गर्ने।

८. जीवन शैलीमा सुधार ल्याउन नागरिकहरुमा सचेतना फैलाउने तथा नगरपालिकामा रहेका अस्पताल र स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नती गरी सुविधा सम्पन्न बनाउने तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलव्ध गराउने।

९. जलाधार क्षेत्र संरक्षण।

१०. सामूदायिक विद्यालयहरुमा Virtual Education, MGML, ELM लगायतका प्रविधि र सिकाई विधिलाई निरन्तरता दिई गुणस्तरीय शिक्षाको प्रत्याभुति गर्ने।

११. लिफ्ट सिंचाई योजना संचालन।

१२. सबैलाई स्वच्छ पिउने पानी पुर्याउने अवधारणा अनुरुप सबै स्थानमा खानेपानी विस्तार गर्दै एक घर एक धारा अभियान चलाउने।

१३. महिला, बालबालिका, आदिवासी, जनजाति, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता, अति विपन्नता भएका परिवार र लगायतका लक्षित क्षेत्रको क्षमता विकासको लागि शिक्षा, स्वास्थ्य लगायत आवश्यक सीप विकास तालिम कार्यक्रम विस्तार गर्ने।

१४. बालमैत्री, उद्योगमैत्री, वातावरणमैत्री, पूर्ण सरसफाईयुक्त, बालश्रम मुक्त, नगर निर्माण गर्न अभियानहरु सञ्चालन गर्ने।

१५. पर्यटन गुरुयोजना तयारी।

१६. साँस्कृतिक तथा पर्यटकीय क्षेत्र घोषणा।

१७. कोसेली घर निर्माण।

१८. सहकारी सचेतना, सवालीकरण तथा व्यवस्थापन तालिम।

१९. शिक्षक-विद्यार्थी अनुपातमा दरबन्दी मिलान।

२०. आयुर्वेदिक उपचार, योग, ध्यान जस्ता प्राकृतिक उपचार विधि प्रवर्द्धन।

२१. एकीकृत वैज्ञानिक फोहोरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण।

२२. खेलमैदान, कवर्डहल र रंगशाला निर्माण।

२३. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन।

२४. कोरिडोर निर्माण।

२५. यात्रु विश्रामस्थल निर्माण

**बजेटले समेटेका प्रमुख विषयहरुः**

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय उपस्थित सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

१. स्वास्थ्य क्षेत्रको भौतिक सुधार गरी गुणस्तरीय स्वास्थ्य सेवाको प्रत्याभुत गर्ने।

२. रोजगारी सृजना हुने कार्यक्रमहरु।

३. नेपाल सरकार तथा प्रदेश सरकारबाट सशर्त अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी विविध कार्यक्रमहरु निक्षेपित भै आएको सन्दर्भमा उक्त कार्यक्रमहरुलाई हुबहु स्वीकृत गरिएको छ।

४. नेपाल सरकार तथा प्रदेश सरकारबाट समपूरक अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी उक्त कार्यक्रमहरुलाई हुबहु स्वीकृत गरिएको छ।

५. बागमती प्रदेश सरकारबाट विशेष अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरु तथा त्यसको लागि लाग्ने लागत समेत एकिन गरी उक्त कार्यक्रमहरुलाई हुबहु स्वीकृत गरिएको छ।

६. धार्मिक, एतिहासिक, पुरातात्विक, सास्कृतिक एवं वातावरणीय महत्व बोकेको प्राचीन नमोबुद्ध क्षेत्रलाई मौलिक स्वरूप कायम गर्न नगरपालिकाले निर्माण गरेको दीर्घकालीन गुरुयोजना अनुसार सम्पूर्ण सरोकारवालाहरुको सहकार्य, सहयोग र समन्वयमा विश्व सम्पदा सूचीमा सुचिकृत गर्न पहल गर्दै आवश्यकता अनुसारको पूर्वाधार विकासको लागि बजेट विनियोजन गरिएको छ।

७. बालमैत्री स्थानीय शासन टेवा पुर्याउने विविध कार्यक्रमहरुको लागि बजेट विनियोजन गरिएको छ।

८. नमोबुद्ध नगरपालिकाका सम्पूर्ण घरधुरीमा स्वच्छ खानेपानी पुर्याउन यस नगरपालिकालाई प्राप्त अनुदान समेतको उपयोग गरी एक घर एक धारा कार्यक्रम संचालन गर्न नेपाल सरकारका केन्द्रीय निकाय तथा विभिन्न विकास साझेदारहरुसँगको सहकार्यलाई अगाडि बढाउन पहल गर्न बजेट विनियोजन गरिएको छ।

९. समावेसी तथा दीगो विकासका माध्यमद्धारा समुदायको रुपान्तरण गर्दै उक्त क्षेत्रमा क्षमता विकास गर्ने नीति अनुरुप लक्षित क्षेत्र तथा विषयगत क्षेत्रका प्रवर्द्धनात्मक कार्यक्रमहरुलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

१०. आवधिक नगर विकास योजना अनुसार आर्थिक विकास, भू-उपयोग योजना, पूर्वाधार विकास योजना, वातावरण तथा विपद व्यवस्थापन लगायतका क्षेत्रमा योजना तयार गरी कार्यान्वयन गरिने गरी आवश्यक व्यवस्था मिलाईएको छ।

११. वातावरण मैत्री, जलवायु अनुकुल तथा दीगो विकासलाई टेवा पुर्याउन विभिन्न स्थानमा वातावरण मैत्री पार्क, चौतारा तथा उद्यानको निर्माण, पानीको मुहान संरक्षण रिचार्ज पोखरी निर्माणजस्ता कार्य गर्न रकमको विनियोजन गरिएको छ।

१२. नगरका परम्परागत सांस्कृतिक महत्वका स्थानहरु जात्रा, महोत्सव, पर्व तथा उत्सवको संरक्षण तथा प्रवर्द्धनको लागि बजेट विनियोजन गरिएको छ।

१३. वातावरण मैत्री स्थानीय शाससनलाई टेवा पुर्याउने विविध कार्यक्रमहरुको लागि बजेट विनियोजन गरिएको छ।

१४. नमोबुद्ध नगरपालिकाको आवधिक नगर विकास योजनाले तय गरेको दीर्घकालीन सोच, समष्टिगत लक्ष्य, विषयगत उदेश्य, विकासका प्राथमिकताहरु, समष्टिगत/विषयगत मुख्य कार्यक्रम, नगर र वडा गौरवका आयोजनाहरुका लागि बजेट विनियोजन गरिएको छ।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

अब म आ.व. २०८१/०८२ का लागि अनुमानित गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. आर्थिक वर्ष २०८१/०८२ को लागि अनुमानित आन्तरिक आय ५ करोड ६८ लाख १८ हजार २ सय ४६ रुपिया, बागमती प्रदेश सरकारबाट प्राप्त अनुदान मध्ये वित्तीय समानीकरण अनुदान १ करोड १५ लाख ८ हजार, राजश्व बांडफांड २ करोड ७९ लाख ९४ हजार ३५० रुपिया, सशर्त अनुदान २ करोड ६५ लाख २३ हजार, समपुरक अनुदान ३ करोड यसै गरी संघीय सरकारबाट प्राप्त अनुदान मध्ये वित्तीय समानीकरण अनुदान १० करोड ४२ लाख, राजश्व बांडफांड ९ करोड ६६ लाख, सशर्त अनुदान ३२ करोड ५१ लाख, विशेष अनुदान ९० लाख यसै गरी अन्य आय तर्फ ५ करोड ४६ लाख ५२ हजार ८ सय ४७ रुपिया गरी कुल अनुमानित आय ७७ करोड १० लाख ४६ हजार ४ सय ४३ रुपिया प्रक्षेपण गरेको छु।येही आयलाई आधारमानि सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदानलाई यथावत राखी अन्य आयका श्रोतहरुबाट अनुमानित आय ३८ करोड ४ लाख २३ हजार ४ सय ४३ रुपियालाई विषयगत समिति, वडागत सिलिङ्ग, पुजीगत खर्च, विभिन्न कोष, चालु खर्चमा विनियोजन गरेको छु।
२. नगरपालिका भित्र बांडफांड गर्न मिल्ने रकम रु. ३८ करोड ४ लाख २३ हजार ४ सय ४३ रुपियालाई आधारमा राखेर चालुगत शिर्षकका लागि यसै साथ संलग्न अनुसूचीमा भए बमोजिम रकम रु. १७ करोड २ लाख २१ हजार ८ सय १४ रुपिया विनियोजन गरेको छु।
३. नगरपालिका र वडा कार्यालय व्यवस्थापन, भवन पार्टेसन, फर्निचर लगायतका लागि रकम रु. १० लाख विनियोजन गरेको छु।
४. सामाजिक सुरक्षा लाभग्राही बायोमेट्रिक कार्य गर्नका लागि आवश्यक उपकरण खरिद तथा जडानको लागि रकम रु. ३ लाख विनियोजन गरेको छु।

५. सामाजिक सुरक्षा भत्ता घरदैलोमा नै पुर्याउने कार्यलाई निरन्तर तथा थप व्यवस्थित गर्नका लागि रकम रु. ३ लाख विनियोजन गरेको छु।

६. बागमती प्रदेश सरकार र नमोबुद्ध नगरपालिकाको साझेदारीमा वडा नम्बर ०६ मा निर्माणाधीन झोलुङ्गे पुलको साझेदारीका लागि रकम रु. ७ लाख ५७ हजार विनियोजन गरेको छु।

७. भुमिहिन सुकुम्बासी तथा अव्यस्थित बसोबासी जग्गा वितरण कार्यक्रम लाई थप प्रभावकारी बनाउनका लागि रकम रु. १५ लाख विनियोजन गरेको छु।

८. नमोबुद्ध नगरपालिकाको वडा नम्बर ३ मा बहुवार्षिक रुपमा साझेदारीमा निर्माण हुन लागेको एकीकृत वैज्ञानिक फोहोरमैला प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माणको लागि यस आ.व.मा रु. ३ करोड विनियोजन गरेको छु।

९. नगरपालिकामा रहेका विभिन्न कोषहरुलाई रु. ३२ लाख ५० हजार विनियोजन गरेको छु।

१०. संघीय सरकार, बागमती प्रदेश सरकार, जिल्ला समन्वय समिति, सडक बोर्ड लगायतका निकायसँगका आयोजनाहरुको लागत साझेदारीका लागि रकम रु. ८ करोड १७ लाख विनियोजन गरेको छु।

११. नगरपालिका र वडा कार्यालयमा आवश्यक पर्ने विविध मेशिनरी औजारका लागि रकम रु. १० लाख विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

१२. विभिन्न विषयगत क्षेत्रहरुका लागि रकम रु. ६ करोड ९७ लाख १० हजार ६ सय ३० रुपिया विनियोजन गरेको छु।

१३. विषयगत क्षेत्र तर्फ विनियोजन भएको रकमबाट पशु सेवाका कार्यक्रम लागि रकम रु. १५ लाख, कृषि विकास कार्यक्रमका लागि ५० लाख, पशु विमा कार्यक्रमका लागि ५ लाख, शिक्षा क्षेत्र १० लाख, बाल विकास केन्द्रका शिक्षक तथा सहयोगी कार्यकर्तालाई थप पारिश्रमिक रकम रु. ७००० हजारका दरले ९१ लाख, शिक्षण सहयोग कार्यक्रमका लागि प्रति शिक्षक राकम रु. ३२ हजार ९ सय २ का दरले २१ लाख ३८ हजार ६ सय ३०, डिजीटल नमोबुद्ध कार्यक्रमको लागि १० लाख, नगर भित्रका सम्पूर्ण क्याम्पसहरुलाई अनुदान प्रति क्याम्पस रकम रु. ३ लाखका दरले ९ लाख, युवा उद्यमशिलता कार्यक्रमका लागि ५ लाख, स्वास्थ्य शाखा/आयुर्वेद शाखासँग ३० लाख, महिला स्वयंसेविका प्रोत्साहन कार्यक्रमका लागि ९ लाख ७२ हजार विनियोजन गरेको छु।

१४. महिला स्वयंसेविका निवृत हुँदा नगरपालिकाबाट खाली हात नजानी नीति अनुसार प्रत्येक महिला स्वयंसेविका लागि २० हजार निवृत खर्च विनियोजन गरेको छु।

१५. लक्षित वर्गहरुको मोतिविन्दु रोगको उपचार गर्नका लागि बजेट विनियोजन गरेको छु।

१६. जनतालाई स्वास्थ्य सेवाको पहुँचसम्म पुर्याउन एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन बजेट विनियोजन गरेको छु।

१७. राष्ट्रपति रनिङ्ग शिल्ड कार्यक्रम संचालनका लागि रकम रु. ६ लाख विनियोजन गरेको छु।

१८. महिला, बालबालिकाका क्षेत्रमा तथा घरेलु हिंसा पिडित महिला /पुरुषहरुको लागि पुनःस्थापना केन्द्र संचालन खर्च गरी १३ लाख बजेट विनियोजन गरेको छु।

१९. वडास्तरीय रुपमा महिला आय आर्जन कार्यक्रम तथा तालिमका लागि रकम रु. ५ लाख विनियोजन गरेको छु।

२०. नगरपालिकालाई बालमैत्री नगरपालिका निकटतम भविष्यमा घोषणा गर्नका लागि बालमैत्री पूर्वाधार निर्माण तथा कार्यक्रमका लागि रकम रु. ३० लाख विनियोजन गरेको छु।

२१. लक्षित वर्ग अन्तरगत दलित आय आर्जन कार्यक्रम सबै वडामा संचालन गर्ने उदेश्य अनुरुप प्रत्येक वडालाई एक लाखका दरले रकम रु. ११ लाख विनियोजन गरेको छु।

२२. विभिन्न धार्मिक क्षेत्रसँग सम्बन्धित कार्यक्रमका लागि रकम रु. ५ लाख विनियोजन गरेको छु।

२३. नमोबुद्ध कोसेली घर निर्माण तथा नगरस्तरीय सार्वजनिक शौचालय निर्माणको लागि आवश्यक बजेट सुनिश्चित गरेको छु।

२४. नगरस्तरीय विभिन्न फुटकर योजना संचालनका लागि रकम रु. २५ लाख विनियोजन गरेको छु।

२५. वित्तीय हस्तान्तरणको अनुमानित बजेट अपेक्षित रुपमा नगरपालिकालाई प्राप्त नभएको र सम्झौता भई कार्यान्वयन भएका योजना अ.ल्या गरी भुक्तानी गर्नका लागि रु. २ करोड ५० लाख रकम विनियोजन गरेको छु।

२६. वातावरण तथा विपद् व्यवस्थापन, फोहोरमैला व्यवस्थापन केन्द्र क्षेत्रमा रकम रु. ५ लाख बजेट विनियोजन गरेको छु।

२७. विपद् व्यवस्थापन प्रतिकार्य योजना अनुसारको कार्यक्रम संचालन गर्न रु. ५ लाख बजेट विनियोजन गरेको छु।

२८. एक विद्यार्थी एक फलफुलका विरुवा, सार्वजनिक स्थानमा सघन वृक्षारोपण कार्यक्रमका लागि रु. ४ लाख बजेट विनियोजन गरेको छु।

२९. नमोबुद्ध नगरपालिकाको विभिन्न योजनाको डी.पि.आर.,पर्यटन गुरु योजना, जे.सी. अडिट, राजश्व सुधार कार्ययोजना लगायत संस्थागत विकाससँग सम्बन्धित योजना कार्यान्वयन गर्नका लागि रु. २५ लाख बजेट विनियोजन गरेको छु।

३०. डिजिटल नापी, लगत कट्टा, सार्वजनिक जग्गा संरक्षण तथा भू-उपयोग नीति निर्माण तथा भुमि व्यवस्थापनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

३१. न्यायिक समिति तथा मेलमिलापकर्ता व्यवस्थापनका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

३२. विभिन्न साहित्यिक कार्यक्रम संचालनका लागि रु. १ लाख बजेट विनियोजन गरेको छु।

३३. शान्ति सुरक्षासँग सम्बन्धित र मानव सेवा आश्रमलाई अनुदानका लागि रु. ५ लाख/ रु. ५ लाख बजेट विनियोजन गरेको छु।

३४. नमोबुद्ध नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्नका लागि रु. ३ लाख बजेट विनियोजन गरेको छु।

३५. संघीय सरकारको अनुदानमा नेपाल जलवायु नमुना कार्यक्रमको लागि १ करोड बजेट विनियोजन भएको छ।

३६. नगरपालिका भित्रका बजार व्यवस्थापनको लागि आवश्यक विनियोजन गरेको बजेट विनियोजन गरेको छु।

३७. सडक बत्ती व्यवस्थापनको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

३८. संस्थागत विकास तथा सेवा प्रवाह क्षेत्रको लागि ६९ लाख बजेट विनियोजन गरेको छु।

३९. बागमती प्रदेश सरकार र नमोबुद्ध नगरपालिकाको समपुरक सहकार्यमा वडा नम्बर ०५ स्थित कानपुर डाँडागाउँ हुँदै वि.पि. राजमार्ग सडकका लागि २ करोड बजेट विनियोजन गरेको छु।

४०. बागमती प्रदेश सरकार र नमोबुद्ध नगरपालिकाको समपुरक सहकार्यमा वडा नम्बर ८ स्थित भकुण्डेबेशी आरुबारीचौर तल्लो हटिया दाप्चा सडक निर्माणका लागि रकम रु. २ करोड बजेट विनियोजन गरेको छु।

४१. बागमती प्रदेश सरकार र नमोबुद्ध नगरपालिकाको समपुरक सहकार्यमा वडा नम्बर ११ स्थित श्यामपाटि-कुरुगाउँ-वडा कार्यालय जोड्ने सडक निर्माणका लागि रकम रु. २ करोड बजेट विनियोजन गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

४२. सम्पूर्ण वडाहरुमा वडागत योजना तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि जनसंख्या, क्षेत्रफल र राजश्व संकलनलाई मूल आधार मानि सुत्रमा राखी जम्मा एकमुष्ट रकम रु. १ करोड ८० लाख बजेट विनियोजन गरेको छु। साथै वडागत वित्तीय समानीकरण अनुदान १५ लाखका दरले सबै वडाका लागि एकमुष्ट रकम ३ करोड ४५ लाख बजेट विनियोजन गरेको छु।

४३. एक घर एक धारा कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०८१/०८२ को लागि नमोबुद्ध नगरपालिकाको समन्वय र सहकार्यमा बागमती प्रदेश सरकार मार्फत विभिन्न योजनामा आवश्यक बजेटको सुनिश्चितता गरेको छु।

४४. संघीय सरकार, बागमती प्रदेश सरकार र नमोबुद्ध नगरपालिकाको लगानी वडा नम्बर ०३ मा निर्माण भई रहेको उर्जा किफायती अन्न भण्डारण तथा प्रशोधन प्रविधिको उद्योग व्यावसायिक तरकारी तथा फलफुल खेतीको लागि बजार प्रवर्द्धन कार्यक्रमकाको थप काम गर्नका लागि रु. १ करोड बजेट व्यवस्थापन गरेको छु।

४५. नेपाल जलवायु  नमुना कार्यक्रम संचालनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

४६. आर्थिक वर्ष २०८१/०८२ मा नयाँ तरकारी पकेट विकास कार्यक्रम संचालन गर्नका लागि रु. १२ लाख बजेट विनियोजन गरेको छ।

४७. लोकिएको विद्यार्थीको दिवा खाजाका लागि विद्यालय अनुदान ६६ लाख ६४ हजार बजेट विनियोजन गरेको छ।

४८. मृगौला प्रत्यारोपण गरेका डायलिसस गराई रहेका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघातका विरामीहरुका लागि औषधि उपचार खर्च वापत मासिक ५ हजारका दरले ४६ लाख ३५ हजार बजेट विनियोजन गरेको छ।

४९. माध्यामिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान, शिक्षकका लागि तलबभत्ता समेतका लागि ३ करोड ९५लाख ६७ हजार बजेट विनियोजन गरेको छ।

५०. विद्यालय संचालन तथा व्यवस्थापन अनुदान तर्फ ३० लाख ७ हजार बजेट विनियोजन गरेको छ।

५१. माध्यमिक तह कक्षा ९-१० अग्रेजी, गणीत र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानका लागि ४६ लाख २४ हजार बजेट व्यवस्था गरेको छ।

५२. आधारभूत तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लाई तलबभत्ता अनुदानका लागि १२ करोड ७ लाख ३५ हाजर बजेट व्यवस्था गरेको छ।

५३. सम्भाव्य अत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धि गर्नका लागि कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छ।

५४. आधारभूत तहका लागि निशुल्क पाठ्यपुस्तक वितरणका लागि ३१ लाख ६१ हजार बजेट विनियोजन गरेको छ।

५५. उद्यमशिलता, रोजगारीमुलक सशक्तीकरण सिप विकास तथा क्षमता अभिवृद्धि तालिम कार्यक्रमका लागि ९ लाख २ हजार बजेट विनियोजन गरेको छ।

५६. आधारभूत तथा आकास्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद वितरण कार्यक्रमका लागि १७ लाख १७ हजार बजेट व्यवस्था गरेको छु।

५७. कृषि व्यवसाय प्रवर्द्धनका लागि वडा नम्बर ११ मा १० लाख बजेट विनियोजन गरेको छु।

५८. कृषि उपज संकलन केन्द्र वडा नम्बर ०४ मा निर्माणका लागि रु. १० लाख बजेट विनियोजन गरेको छु।

५९. वडा नम्बर २ मा तरकारी खेती प्रवर्द्धनका लागि रकम रु. १५ लाख बजेट विनियोजन गरेको छु।

६०. बाबु आमा विहिन बालबालिका संरक्षण कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

६१. एक विद्यालय एक नर्स कार्यक्रममा निरन्तरता गरी सोका लागि ३२ लाख ४८ हजार बजेट विनियोजन गरेको छु।

६२. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित घट्टेडाँडा रातमाटे सडक स्तरोन्नति लागि रकम रु. ३० लाख, वडा नम्बर ०७ स्थित बोक्सेखोला रजबम पोखरी सडक स्तरोन्नतिका लागि रकम रु. २५ लाख, वडा नम्बर ११ स्थित मछिनघारी खानेपानी योजनाको लागि रकम रु. २६ लाख ६० हजार, वडा नम्बर ०८ स्थित देउबुजे खानेपानी मर्मत योजनाको लागि रकम रु. २६ लाख ६० हजार बजेटको व्यवस्था भएको व्यहोरा जानकारी गराउछु।

६३. कृषि उपज संकलन केन्द्र स्थापनाको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

६४. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ स्थित वि.पि राजमार्ग ढुङ्गासाँघु चरुवा भिडाबारी बोहोरे सडकलाई बहुवर्षीय योजनामा समावेश गरी आवश्यक बजेटको श्रोत सुनिश्चितताको प्रबन्ध मिलाएको छु।

६५. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ स्थित दाप्चा नेपाने गहते फलामेसाँघु सडकलाई बहुवर्षीय योजनामा समावेश गरी आवश्यक बजेटको श्रोत सुनिश्चितताको प्रबन्ध मिलाएको जानकारी गराउछु।

६६. खेती योग्य जमिनमा सिंचाई तथा तरकारी खेती प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

६७. बाख्रापालन प्रवर्द्धन कार्यक्रमका लागि रकम रु. ६ लाख विनियोजन गरेको छु।

६८. संघीय सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०२ स्थित वि.पि. राजमार्ग श्रीराम बस्ती बुच्चाकोट भगवती मन्दिर सडक स्तरोन्नतिका लागि रकम रु. २० लाखको बजेटको व्यवस्था मिलाएको छु।

६९. संघीय सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०९ स्थित नासपति बोट डम्फु पार्क पुच्छर टोल सडक स्तरोन्नतिका लागि रकम रु. १ करोडको बजेटको व्यवस्था मिलाएको छु।

७०. संघीय सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०१ स्थित वडा कार्यालय जोड्ने सडकका लागि रकम रु. ५० लाखको बजेटको व्यवस्था मिलाएको छु।

७१. संघीय सरकारबाट नमोबुद्ध नगरपालिकाको काशीखण्ड वृहत खानेपानी योजनाका लागि रकम रु २ करोड, तल्लो हटिया काक्रे चौकीडाँडा सडकको लागि रकम रु. १ करोड, दारेगौडा ठुलोचौर एकलेपिपल तल्लो हटिया सडकका लागि रकम रु. १ करोड, जग्वैजेश्वर लामसोती सिंचाई योजनाको लागि ८५ लाख, सपनेश्वर महादेव मन्दिर पुनर्निर्माणका लागि रकम रु. ११ लाख, गैरापाटि संरक्षणका लागि रकम रु. २० लाख, खाक्सी लिफ्ट खानेपानी योजना १० लाख बजेटको व्यवस्था भएको जानकारी गराएको छु।

७२. वडा नम्बर ३ स्थित श्रीराम माध्यमिक विद्यालय, वडा नम्बर ०५ स्थित कानपुर माध्यमिक विद्यालय, वडा नम्बर १० स्थित बालउज्ज्वल माध्यमिक विद्यालय, वडा नम्बर ०४ स्थित अमर प्राथमिक विद्यालय, वडा नम्बर ०४ स्थित जनक माध्यमिक विद्यालयका लागि बागमती प्रदेश सरकारको समन्यवमा पूर्वाधार निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७३. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर १० स्थित दाप्चा दारेगौडा ऐसेलुचौर दलसिंगे सडकका आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७४. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०३ स्थित रिठेको चौर पार्क निर्माणका लागि रकम रु. ४० लाखको बजेटको व्यवस्था मिलाएको छु।

७५. बागमती प्रदेश सरकारबाट २५ किलो चरंगेफेदी पक्की पुल निर्माण, दाप्चाखोला भ्युटावर पक्की पुला निर्माणका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७६. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०५ स्थित खर्दाल पौवा हुँदै पातला जाने सडकका लागि रकम रु. ३० लाखको बजेटको व्यवस्था मिलाएको छु।

७७. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०४ स्थित जयटार जनक मा.वि.चुवाने सडकका आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

७८. वडा नम्बर ०३ स्थित २० किलो दाहालचौर सडक स्तरोन्नतिका लागि बागमती प्रदेश सरकारबाट रु. २० लाख बजेटको व्यवस्था मिलाएको छु।

७९. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ८ स्थित एतिहासिक डराउने पोखरी शिव मन्दिर निर्माणका लागि रकम रु. ८ लाख, वडा नम्बर ०८ स्थित गणेश मन्दिर निर्माणका लागि रकम रु. ८ लाख, वडा नम्बर ०८ स्थित भीमसेन मन्दिर निर्माणका लागि रकम रु. ८ लाख, वडा नम्बर ०५ स्थित टिकेश्वर महादेव मन्दिर पूर्वाधार निर्माणका

लागि रकम रु. ८ लाख,  वडा नम्बर ०३ स्थित सेतीदेवी मन्दिर निर्माणका लागि रकम रु. ५ लाख, वडा नम्बर ०३ स्थित दिक्पाल देवी मन्दिर पूर्वाधार निर्माणका लागि रकम रु. १० लाख, वडा नम्बर ०८ स्थित कालिकादेवी मन्दिर परिसरमा पूर्वाधार निर्माण, आरुबारीचौरका लागि रकम रु. १२ लाखको व्यवस्था मिलाएको जानकारी गराएको छु।

८०. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ४ स्थित मेथिनकोट खानेपानी आयोजनाका लागि रकम रु. १५ लाख, वडा नम्बर ०३ स्थित काफ्लेको दह नेपाल डिही खानेपानीका लागि रकम रु. १० लाख, वडा नम्बर ०१ स्थित सिस्नेघारी धारापानी खानेपानी योजनाका लागि रकम रु. १० लाख, वडा नम्बर ०२ स्थित बाँसखर्क पिपलचौर खानेपानी निर्माणका लागि रकम रु. १० लाख,  वडा नम्बर ११ स्थित भालुखर्क खानेपानी योजनाका लागि रकम रु. १० लाख, वडा नम्बर ०९ स्थित बाघमारा खानेपानी योजना÷का लागि रकम रु. १० लाख, वडा नम्बर ०५ स्थित पात्ला खानेपानी योजनाका लागि रकम रु. १० लाखको व्यवस्था मिलाएको छु।

८१. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०७ स्थित तल्लो हटिया कात्रे सडकको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८२. बागमती प्रदेश सरकारबाट नमोबुद्ध नगरपालिका वडा नम्बर ०६ स्थित २५ किलो चरंगेफेदी पक्की पुल निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८३. भकुण्डे-आरुबारीचौर-ताल्लो  हटिया-बरबोट-पिपलटार-फलामेसाँघु  सडक,  दाप्चा-नेपाने-गहते सडक निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

८४. वि.पि. राजमार्ग आसपास विद्युतीय सवारी साधन चार्जीङ्ग स्टेशन निर्माणको लागि सम्बन्धित निकायमा आवश्यक बजेट विनियोजन गर्नका लागि पहल गरेको छु।

८५. कृषि कार्यक्रमको प्रवर्द्धनका लागि तथा सिचाईको पहुँच पुर्याई कृषि उत्पादनमा वृद्धि ल्याउने उदेश्य अनुरुप वडा नम्बर ०८ स्थित पिपलटार सिंचाईलाई बागमती प्रदेश सरकारको सहयोगमा रकम रु. १० लाख, वडा नम्बर ०२ स्थित दाप्चाखोला तिमल्सिनाटार गोतामेटार सिंचाई योजनाका लागि रकम रु. १५ लाख, वडा नम्बर ०६ स्थित सिस्ने औखले पोखरी सिंचाईका लागि रकम रु. १० लाख, वडा नम्बर ०८ स्थित तार्केफाँट सिंचाई योजनाका लागि रकम रु. २० लाख, वडा नम्बर ०२ स्थित बिरुवा बाँध टटले टार सिंचाई कुलो निर्माणका लागि रकम रु. १० लाख, वडा नम्बर ०५ स्थित कानपुर तिन सल्ले सिंचाई पोखरी निर्माणका लागि रकम रु. १० लाख लगायतका विभिन्न योजनामा आवश्यक बजेटको सुनिश्चितता भएको छ।

८६. नगरबासीको सूचना प्राप्त गर्ने अधिकारलाई सुरक्षित गर्नको लागि पत्रपत्रिका, एफ.एम. रेडियो, अनलाईन मिडिया प्रवर्द्धनका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु।

८७. प्रचलित कानुन बमोजिम तोकिएका निम्न आयस्तर भएका र अति विपन्न वर्गहरुको निशुल्क स्वास्थ्य बिमा कार्यक्रम क्रमश संचालन गरिदै लाग्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८८. नमोबुद्ध नगरपालिका र जिल्ला समन्वय समिति, काभ्रेपलाञ्चोकको सहकार्यमा हुने युवा सम्मेलनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८९. नमोबुद्ध नगर घुम्ती स्वास्थ्य परिक्षण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९०. प्रादेशिक अस्पताल मेथिनकोट अस्पताललाई थप सेवा विस्तार तथा सुदृढीकरणका कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु।

९१. नगरस्तरीय शैक्षिक छात्रवृत्ति कोष स्थापना गरी एक वडा एक कृषि प्राविधिक/कृषि दुत उत्पादन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

९२. बालमैत्री नगरपालिका घोषणा गर्नका लागि कार्यक्रम संचालन गरिदै लगिने व्यवस्था मिलाएको छु।

९३. सडक मानव मुक्त नगर बनाउनका लागि आवश्यक व्यवस्था मिलाएको छु।

९४. नगरपालिकाले माटो, ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक श्रोत विक्रिको लागि खोलेको बोलपत्र अनुसार उठेको रकमको राजश्व विभाज्य कोषमार्फत बागमती प्रदेश सरकारलाई फिर्ता पठाउने व्यवस्था मिलाएको छु।

९५. वडा नम्बर ०३ स्थित आरुटार ओझाबस्ति बाघाखोर छाप देउराली सडक स्तरोन्नतिका लागि बागमती प्रदेश सरकारबाट आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

९६. राजश्व चुहावट नियन्त्रण गर्न संघीय सरकार र बागमती प्रदेश सरकारसँग सहकार्य र समन्वय गर्न व्यवस्था मिलाएको छु।

९७. आर्थिक वर्ष २०८१/०८२ को विस्तृत विनियोजन बजेटको विवरण नगर सभामा छुट्टै पेश गरेको छु।

९८. आर्थिक वर्ष २०७९/०८० को यथार्थ खर्च, चालु आर्थिक वर्ष २०८०/०८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/०८२ को अनुमानित आय र व्ययको विवरण अनुसूचीमा समावेश गरेको छु।

९९. आर्थिक वर्ष २०८२/०८३ र आर्थिक वर्ष २०८३/०८४ को आम्दानी खर्चको प्रक्षेपण सहित मध्यमकालीन खर्च संचरना पेश गरेको छु।

**श्रद्धेय सभाध्यक्ष महोदय तथा आदरणीय नगरसभाका सदस्यज्यूहरु,**

अन्त्यमा,

नगरपालिकाको आन्तरिक राजश्व अपेक्षित रुपमा बिस्तार हुन नसकेको, संघीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान, शसर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदानको माध्यमबाट प्राप्त हुने वित्तीय हस्तान्तरण विगतको वर्ष भन्दा घट्न गएको करणले आगामी आर्थिक वर्षको बजेटको आकार चालु आर्थिक वर्ष भन्दा केहि साँघुरो हुन पुगेको र चालु आर्थिक वर्ष २०८०/०८१ को दायित्व समेत आगामी आर्थिक वर्षमा थप हुने अवस्था सिर्जना भएको छ।

नमोबुद्ध नगरपालिकाले विगतका असल अभ्यास र जनतामुखी कार्यक्रमहरुलाई निरन्तरता दिई आर्थिक वर्ष २०८१/०८२ को बजेट तथा कार्यक्रम प्रस्तुत गरेको छु र यस कार्यमा सहयोग गर्नुहुने सबैमा हामी आभारी छौं। योजना तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा त्यसको सफल र गुणस्तरीय ढंगले समयमा कार्यान्वयन गर्नु हाम्रा लागि चूनौतिको विषय भएकोले आगामी दिनमा सफल योजना कार्यान्वयनका लागि सवै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु। भावी दिनमा समृद्ध र सु-संस्कृत नमोबुद्ध नगर बनाउन सबै राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, विभिन्न पेशागत संघसस्थाका महानुभावहरु, शिक्षक, पत्रकार लगायत सबै नमोबुद्ध वासीमा हार्दिक अपिल गर्दछु।

मैले आज प्रस्तुत गरेको बजेटको कार्यान्वयनले समाजवाद उन्मुख लोककल्याणकारी राज्य व्यवस्थालाई प्रवर्द्धन गर्न, संघीय सरकार/प्रदेश सरकारले लिएको आर्थिक वृद्धिको लक्ष्य हासिल गर्न तथा समृद्ध नेपाल र सुखी नेपालीको दीर्घकालीन राष्ट्रिय सोचलाई सार्थक बनाउन सहयोग पुग्नेछ भन्ने विश्वास लिएको छु। नमोबुद्धको सन्तुलित एवंम् समावेशी विकासमा टेवा पुर्याउन तथा सबै

नगरबासीले सकारात्मक परिवर्तनको अनुभूति गर्ने दिशातर्फ उन्मुख गराउन यो बजेटले महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने अपेक्षा गरेको छु।

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको पाँचौ अधिवेशनको दोश्रो बैठक सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुर्याउनु हुने प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, बागमती प्रदेश सरकार, संघीय सरकार, यस नगरका निर्वाचित सवै जनप्रतिनिधिहरु, कर्मचारी, राजनैतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, उद्योगी व्यवसायीहरु, प्राज्ञिक व्यक्तित्वहरु, नागरिक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु, संचारकर्मी मित्रहरु लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदी बहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहान्छु। उल्लेखित नीति, कार्यक्रम तथा बजेटको सफल कार्यान्वयनमा सम्बद्ध सबै पक्षको सदासयता रहने छ भन्ने विश्वास सहित हामी सबैको सहकार्य, सहयोग र सदभावले मात्र यस नगरको सामाजिक रुपान्तरण सहितको आर्थिक समृद्धि तर्फको यात्रा सफल हुने सत्यलाई आत्मसात गर्दै आगामी दिनहरुमा पनि यहाँहरुको निरन्तर सकृय सहभागिता, सुझाव र सहयोगको अपेक्षा गर्दछु ।

**जय नमोबुद्ध !**

**धन्यवाद !**

रत्न बहादुर लामा<br>
नगर उपप्रमुख<br>
नमोबुद्ध नगरपालिका<br>
भकुण्डेबेशी, काभ्रेपलाञ्चोक, नेपाल

मितिः २०८१ असार १० गते ।